## मिति २०८० भाद्र ३१ गते बसेको मन्थली नगरपालिकाको कार्यपालिकाको १६ औं बैठकका निर्णयहरु

निर्णय नं. १

कार्यपालिकाको अघिल्लो बैठकमा भएका निर्णय र सो सम्बन्धमा भएको कार्य प्रगतिबारे छलफल तथा समीक्षा गरियो । अघिल्लो बैठकका निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक पाईयो ।

निर्णय नं. २

आ.व. २०८०/८१ मा मन्थली नगरपालिकाकाबाट सञ्चालन गरिने योजनाको प्रभावकारी कार्यान्वयनका सम्बन्धमा वृहत छलफल गरियो । उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजनाको लागि यथाशिघ्र उपभोक्ता समिति गठन गरी कार्यान्वयनमा लैजाने र ठेक्का पट्टा मार्फत सञ्चालन हुने योजनाको समयमा नै ठेक्का बन्दोबस्तको कार्य अगाडि वढाउने निर्णय गरियो।

निर्णय नं. ३

गत आ.व. २०७९/८० मा ठेक्का बन्दोवस्त मार्फत सम्पन्न भई विविध कारणले मर्मत सम्भार गर्नु पर्ने योजनाको सम्वन्धमा देहाय बमोजिम गर्ने ।

१. आ-आफ्नो वडाको मर्मत सम्भार गर्नु पर्ने योजनाको यकिन गरी वडा समितिवाट निर्णय गराई नगरपालिकामा सिफारीस गर्ने ।
२. वडा कार्यालयबाट सिफारिस भई आएका योजनाको सम्बन्धमा मर्मत अवधी भएका सम्वन्धित निर्माण व्यवसायीलाई समयभित्र आफ्नो जिम्मेवारी बमोजिम क्षतिग्रस्त योजनाको मर्मत सम्भार गर्न ताकेता गर्ने ।
३. मर्मत अवधी भएका योजनाको समयमा नै मर्मत सम्भार गर्न वेवास्ता गर्ने निर्माण व्यवसायीहरुलाई नगरबाट हुने अन्य ठेक्का पट्टाको कार्यमा संलग्न हुन अयोग्य घोषित गरी कालोसुचीमा राख्ने प्रक्रिया अगाडि वढाउने ।

निर्णय नं. ४

नगरपालिकाको विधेयक समितिबाट पेश भएका देहाय बमोजिमका मस्यौदा कार्यविधि र मापदण्ड परिमार्जन सहित पारित गर्ने ।

(१) तीनलाल पार्क सञ्चालन र व्यवस्थापन कार्यविधि २०८०

२०८०।६।१९

प्रमुख प्रशासकीय अधिकृत

(२) विद्यालय बस सञ्चालन मापदण्ड २०८०

निर्णय नं. ५

मन्थली नगरपालिकाको विधेयक समितिबाट पेश भएको मन्थली नगरपालिकाबाट जारी मेलमिलाप केन्द्र व्यवस्थापन कार्यविधि २०७८ माथिको संशोधन प्रस्ताव पारित गर्ने ।

निर्णय नं. ६

मन्थली नगरपालिका वडा नं. १२ मा रहेको पशुपति आधारभुत विद्यालय भुलभुलेमा विद्यालय भवन निर्माणका लागि जापानी ऐन ३५००००० (पैतिस लाख रुपैया) Nichinoken Kanto नामक जापानी शैक्षिक संस्था मार्फत प्राप्त हुने जानकारी जापान स्थित नेपाली दुतावास मार्फत जानकारी प्राप्त भएकाले उक्त सहयोग कार्यक्रम कार्यान्वयनका लागि सम्बन्धित निकायमा समन्वय गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

स्वास्थ्य, शिक्षा सचेतना र वालमैत्री स्थानीय शासन घोषणा तयारी सहयोगका लागि देहायका विद्यालयहरुमा देहाय बमोजिमका कार्यक्रम सञ्चालन गर्ने ।

घ) विद्यालय स्वास्थ्य सचेतना कार्यक्रम

१. नागकन्या मा.वि. मनपा १
२. सेतीदेवी मा.वि. मनपा ४
३. रुद्राक्षेश्वर मा.वि. मनपा ७
४. स्थानापति मा.वि. मनपा ९
५. हर्रे चिण्डे मा.वि. मनपा १३

ङ) चेतनामूलक सडक नाटक

१. कालीदेवी मा.वि. मनपा १४
२. शारदा मा.वि. मनपा ११
३. सरस्वती मा.वि. मनपा १०
४. निलकण्ठेश्वर मा.वि. मनपा २
५. भिमेश्वर रुद्र मा.वि. मनपा ८

निर्णय नं. ८

मन्थली नगरपालिकाको वजार क्षेत्रमा नेपाल विद्युत प्राधिकरणको सहयोगमा सडक बत्ती जडान कार्य भई रहेकाले विद्युत कार्यालयबाट सडक बत्ती जडान हुने क्षेत्रमा हाल मौजुदा रहेका सौर्य

सडक वत्तीको तथ्याङ्क संकलन गरी ती सौर्य सडक वत्तीलाई प्राथमिकताका आधारमा मठ, मन्दिर, सार्वजनिक स्थल र अन्य वजार क्षेत्रमा प्रतिस्थापन गर्ने ।

निर्णय नं. ९

मन्थली वजारका देहायका स्थानमा प्रतिक्षालय निर्माण कार्य अगाडि वढाउने ।

१. मनपा ६ को त्रिवेणीमा रहेको झोलुङ्गे पुल छेउ
२. जिल्ला प्रहरी कार्यालय मुख्य प्रवेशद्वार छेउ

निर्णय नं. १०

चालु आ.व.को वर्षातको कारण क्षति पुगेका सडकको मर्मत सम्भारका लागि प्रयोग हुने व्याक हो लोडर को प्रति वडा ५० घण्टा वरावरको खर्च उपलब्ध गराउने ।

निर्णय नं. ११

नगरभित्र रहेका सरकारी जग्गाको रेखाँकन गरी श्रेष्ता कायम गराउन सम्वन्धित सरोकारवालाको वैठक राखी आवश्यक प्रक्रिया अगाडि वढाउने ।

निर्णय नं. १२

नेपालको संविधान २०७२ जारी भएको उपलक्ष्यमा असोज ३ गते संविधान दिवस मनाउन प्राप्त निर्देशन वमोजिमका सबै क्रियाकलाप सञ्चालन गरी सम्बन्धित सबै पक्षको सक्रीय सहभागितामा संविधान दिवस मनाउने ।

निर्णय नं. १३

पूर्वाधार कार्यालय लगायतका निकायबाट नगरभित्र सम्पन्न र निर्माणाधिन आयोजनाको मर्मत लगायतका कार्यको लागि सम्बन्धित निकायहरुसँगको वैठक राखी आवश्यक निर्णय लिने ।

निर्णय नं. १४

वर्षाका कारण क्षतिग्रस्त भई यातायात अवरुद्ध हनु पुगेको मनपा १० को चनखु हुँदै मनपा १४ को पोखरी वजार जोड्ने सडकको मर्मत सम्भारका लागि प्राविधिक स्टमेट गराई मर्मत कार्यको प्रक्रिया अगाडि वढाउने ।

०८०।३।५

निर्णय नं. १५

वडा तहमा कार्यरत वालमैत्री सहजकर्ताका खाजा खर्च वापत प्रति महिना २०००।- र वालमैत्री वडा सम्पर्क व्यक्तिलाई खाजा खर्च वापत प्रति महिना १५००।- वडा कार्यालयबाट दोहोरो नपर्ने गरी २०८० असोज १ गते देखि २०८१ असार मसान्तसम्मका लागि उपलब्ध गराउने ।

निर्णय नं. १६

वर्षाका कारण पहिरोको जोखिममा परेका मनपा ९ पुरानागाँउका ४ ओटा घर र मन्दिरको प्राविधिक जाँच तथा स्टमेटका आधारमा जोखिम न्यूनिकरणका लागि आवश्यक प्रक्रिया अगाडि वढाउने ।

निर्णय नं. १७

मन्थली नगरपालिकाको ल्याण्डफिल्ड साईड निर्माणका लागि यस अघि अध्ययन गरिएका क्षेत्र प्राविधिक कारणले अनुपयुक्त भएकाले मनपा ८ र मनपा ११ को सम्भावित स्थान पहिचान गरी निर्माण कार्य अगाडि वढाउने ।

२०८०।६।१९